# शक्तिशाली बप्तिस मण्डलीको करार

*(१ जुन २०१९को सदस्यहरुको बैठकमा प्रस्तावित्)*

परमेश्वर पिताको अनुग्रहद्धारा, प्रभु येशू ख्रीष्टमा विश्वास गरी, उहाँको आत्मामा निर्भर रही हामी शक्तिशाली बप्तिस मण्डली परिवार, विश्वासद्धारा जिउनेछौं भनि, हाम्रो यो करार एकअर्कासँग नविकरण गर्दछौं :

१. शान्तिको बन्धनमा, पवित्र आत्माको एकता कायम राख्न, हामी प्रार्थना सहित निरन्तर परिश्रम गर्नेछौं । (एफिसी ४:३)

२. नियमित रुपमा एकसाथ भेला हुन पहिलो प्राथामिकतामा राख्नेछौं । अरुहरुको निम्ति निरन्तर प्रार्थना गर्न छोड्ने छैनौं । (हिब्रू १०:२५, कलस्सी ४:२) ।

३. हामी एक अर्का प्रतिको भातृ प्रेममा समर्पित हुनेछौं । दया र नम्रता साथ एकले अर्कोलाई सहँदै, क्षमा दिँदै, प्रोत्साहन दिँदै, निर्माण गर्दै, गोठालो गर्दै र आवश्यक परेमा हप्काउँदै एकअर्का प्रति धैर्य धारण गर्नेछौं । (लूका १७:३, कलस्सी ३:१३, १ थेस्लोनिकी ५:११, १ पत्रूस १:२२)

४. शुद्ध र प्रेमिलो जीवनशैलीको उदाहरण दिई, आफ्ना छोराछोरीहरुलाई प्रभुको अनुशासन र शिक्षामाहुर्काउन साथै आफ्ना परिवारका बाँकी सदस्य र आफन्तहरुको उद्धार खोज्ने प्रतिज्ञा गर्दछौं । (एफिसी ६:४, १ पत्रूस ३:१)

५. हामी आनन्द गर्नेहरुसँग आनन्द गर्नेछौं र रुनेहरुसँग रुनेछौं । एकअर्काको भार उठाउन एकले अर्कोलाई मद्दत गर्नेछौं । (रोमी १२:१५)

६. परमेश्वरको सहायताले सबै भक्तिहिनता र संसारीक शैली त्याग्दै, एक संयमि, सोझो, भक्त भएर जीवन यापन गर्दै हाम्रो महान् उद्धारकर्ता प्रभु येशू ख्रीष्टको आगमको प्रतिक्षा गर्नेछौं । (तीतस २:१२-१३)

७. साँचो सुसमाचारलाई सुरक्षित राख्न परमेश्वरको वचन प्रचारको साथै ख्रीष्ट येशूले मण्डलीको निम्ति दिनुभएको दुई वटा आज्ञाहरु- विश्वासीको बप्तिसमा र प्रभुभोजको निरन्तर अभ्यास गर्नेछौं । (२ तिमोथी ४:२, प्रेरित २:३८, १ कोरिन्थी ११:२६)

८. यस मण्डलीको सेवाकाई, मण्डलीको आवश्यक खर्च, सारा जातिमा सुसमाचार प्रचार र खाँचोमा परेकाहरुको सहायताको निम्ति हामी उद्धारचित्तले निरन्तर दिनेछौं । (मत्ती २८:१९, लूका १२:३३, २ कोरिन्थी ९:७) ।

९. यदि भविष्यमा हामी यो स्थान छोडेर अर्को ठाउँ गयौं भने, जति सक्दो चाँडो अर्को सुसमाचारीय मण्डलीको सदस्य बनेर, परमेश्वरको वचनको सिद्धान्त तथा यस करारको भाव अनुसार जिउनेछौं ।

परमेश्वरको पिताको प्रेम, पुत्र प्रभु येशू ख्रीष्टको अनुग्रह र पवित्र आत्माको संगति हामीसँग रहून् । (२ कोरिन्थी १३:१४)